जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०० पृष्ठः ४ | २०८२ चैत्र ११ बुधबार (Wednesday 25 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मुसहर बस्तीमा न व्यवस्थित घर, न शौचालय



सिरहा, १० चैत्र। खुला दिसामुक्त घोषणा भएको साढे छ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकामा मुसहर समुदायको स्वच्छता अवस्था अझै चुनौतीपूर्ण छ। लहान नगरपालिका-१३ की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भनिन्, “बस्ने घरकै टुङ्गो छैन, शौचालय कहाँ बनाउनु? सरकारले वर्षौंअघि दिएको रिङ छ, तर जग्गा नहुँदा अहिलेसम्म शौचालय बनाउन सकेका छैनौं।” वडा नं. १, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अझै खुला स्थानमा शौच गर्न बाध्य छन्।

नगरपालिका र ‘वाटरएड’ संस्थाको सर्वेक्षणअनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन। अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले शौचालयको पहुँच अझै पुग्न सकेको छैन।

लहानका करिब ३० हजार दलितमध्ये आठ हजार मुसहर छन्। ‘विकन परियोजना’का निर्देशक कविन्द्र पुडासैनीका अनुसार ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले आवास र स्वच्छता दुबै गम्भीर समस्या बनेको छ। समाजसेवी शंकरप्रसाद गुप्ताले भने, “केवल गैरसरकारी संस्थाको कार्यक्रमले मात्र समाधान हुँदैन। स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवासँग मिलेर निरन्तर चेतना र शिक्षा दिन आवश्यक छ।”

नगरप्रमुख महेशप्रसाद चौधरीले स्वीकार गर्नुभयो कि २०७७ मा खुला दिसामुक्त घोषणा भएको नगरमा शौचालयविहीन घरको संख्या अझै उच्च छ। “अब घर-घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं। भूमिहीन सुकुम्वासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रिया अघि बढाइनेछ,” उनले भने। नगरपालिकाले ‘विकन परियोजना’सँग मिलेर चार हजार २१० घरधुरीमा शौचालय निर्माण अभियान सुरु गरेको छ। तीन महिनासम्म घर-घर पुगेर प्रत्यक्ष अनुगमन, चेतना अभिवृद्धि र समुदायको सहभागितासहित कार्यक्रम अघि बढाइनेछ।

## बरियारपट्टीमा अपरिचित व्यक्तिको शव भेटियो

सिरहा, १० चैत। सिरहाको बरियारपट्टीमा अपरिचित व्यक्तिको शव फेला परेको छ। बरियारपट्टी गाउँपालिका ३ बलुका चोक नजिकै अन्दाजी ५५/६० वर्षिय पुरुषको शव सोमबार अपरान्ह फेला परेको हो। बरियारपट्टी-सुखिपुर सडक खण्डको पश्चिम पट्टी खाली जग्गामा पुरुष शव छ भन्ने शव भेटिएको जानकारी पाउनासाथ पुगेको प्रहरीले लाशजाँच मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न शव परिक्षणको लागि प्रादेशिक अस्पताल सिरहा ल्याएको छ शव शव गृहमा सुरक्षित साथ राखिएको प्रहरीले जनाएको छ। प्रहरीले घटनाको सम्वन्धमा थप अनुसन्धान गरिरहेका जनाएको छ।

## बस्ती नजिकै चितुवा देखिएपछि स्थानीय त्रसित

**विजयकुमार साह**

ढल्केबर, १० चैत्र। धनुषाको मिथिला नगरपालिका-७, एक्लेबरस्थित मानवबस्ती नजिकै जंगली चितुवा देखापरेको छ। वडाध्यक्ष रामबहादुर स्याङ्दनले मंगलबार बिहान १० बजे एक्लेबरस्थित विक्रम थिङको घर अगाडि चितुवा देखिएको

-बाँकी तीन पेजमा

## बिबिए दोस्रो सेमेस्टरमा ८०% नतिजासँगै माउन्ट एभरेष्ट कलेज अग्रस्थानमा, विद्यार्थी-प्राध्यापक सम्मानित

सिरहा, ९ चैत्र। सिरहाको गोलबजार नगरपालिका-४ स्थित माउन्ट एभरेष्ट इन्टरनेशनल कलेजले बीबीए दोस्रो सेमेस्टरमा उल्लेखनीय सफलता हासिल गरेको छ। राजर्षि जनक विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूमध्ये सबैभन्दा बढी—८० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको कलेजले जनाएको छ। उक्त सफलतापछि कलेज प्रशासनले प्राध्यापक तथा विद्यार्थीलाई सम्मान र शुभकामना प्रदान गर्दै कलेज परिसरमै विशेष कार्यक्रम आयोजना गरेको थियो। कलेजका संस्थापक मनोज कुमार यादवका अनुसार, यो नतिजा सम्पूर्ण टिमवर्क र विद्यार्थीको मेहनतको प्रतिफल हो।उनले भने, “यो उपलब्धिले हामीलाई खुशी मात्रै होइन, अझ जिम्मेवार पनि बनाएको



छ। कलेजको शिर उच्च राख्न प्राध्यापकको योगदान र विद्यार्थीको लगन अनिवार्य छ।कार्यक्रममा परीक्षा बोर्डका संयोजक संजय पाण्डे र परीक्षा फाँट प्रमुख प्रमोद यादवले प्राध्यापकको योगदान र विद्यार्थीको निरन्तर मेहनतकै कारण उत्कृष्ट नतिजा सम्भव भएको बताए। उनीहरूले उत्तीर्ण विद्यार्थीलाई बधाई दिँदै आगामी दिनमा अझ राम्रो प्रदर्शन गर्न प्रेरित गरे।त्यसैगरी,

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं।**

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं.
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## बाढीपहिरो पीडितलाई अनुदान सिफारिस सुरु हुनै डेढ वर्ष

काभ्रेपलाञ्चोकको रोसी गाउँपालिकामा २०८१ साल असोजमा गएको बाढीपहिरोबाट घरबारविहीन भएका पीडितहरूका लागि स्थायी आवास निर्माणको अनुदान उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिले डेढ वर्षपछि मात्र लाभग्राहीको नाम सिफारिस गर्ने प्रक्रिया सुरु गरेको छ। पहिलो चरणमा ११९ घर पुनर्निर्माण तथा ४० घर मर्मतका लागि सिफारिस गर्ने निर्णय सकारात्मक भए पनि यसले राज्य संयन्त्रको ढिलासुस्ती र संवेदनशीलतासम्बन्धमा भने गम्भीर प्रश्न उठाएको छ।

उक्त विपत्तिमा रोसी गाउँपालिकामा १२ जनाको ज्यान गएको थियो भने ४८२ घर पूर्ण र ८८३ घर आंशिक रूपमाक्षतिग्रस्त भएका थिए। सरकारले तत्कालै प्रतिपरिवार चार लाख रुपैयाँ अनुदान दिने निर्णय गरेको सुनाएको थियो। तर त्यो निर्णय कार्यान्वयनको प्रक्रियामै प्रवेश गर्न डेढ वर्ष लाग्नु प्रशासनिक अक्षमतामात्र होइन पीडितप्रति राज्यको उत्तरदायित्वबोध कमजोर भएको स्पष्ट संकेत पनि हो। प्राकृतिक विपत्तिपछि सहयोग र पुनर्निर्माणको काम छिटो, सरल र पीडितमैत्री हुनुपर्ने हो। तर नेपालमा अझै पनि विपद्पछिको सहयोग जटिल कागजी प्रक्रिया, तहँतहका सिफारिस र अस्पष्ट जिम्मेवारीका कारण अनावश्यकरूपमा लम्भिने गरेको छ। आकस्मिक सेवा दिनुपर्ने संयन्त्र नै कागजी प्रक्रियाबाट सुस्त बनाइनु विडम्बना हो। संघीय शासन व्यवस्था लागु भएको एक दबक बितिसक्दा पनि निर्णय, निकासा र कार्यान्वयनको शैलीमा अपेक्षित परिवर्तन नआउनु राजनीतिक नेतृत्व र प्रशासनिक संयन्त्र दुवैको असफलता हो।

संघ, प्रदेश र स्थानीय तहबीच लागत साझेदारीको स्पष्ट व्यवस्था हुँदाहुँदै पनि लाभग्राही पहिचान र सिफारिस प्रक्रियामा भएको असामान्य ढिलाइले समन्वय संयन्त्र प्रभावकारी नरहेको देखाउँछ। 'डिजिटल नेपाल' को नारा दिइरहँदा विपत्तिपीडितलाई घर बनाउन दिइने अनुदान उपलब्ध गराउनसमेत डेढ वर्ष लाग्नु प्रशासनिक संरचना अझै पुरानै मानसिकताबाट सञ्चालन भइरहेको प्रमाण पनि हो। विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने हो भने आकस्मिक सहायता तथा पुनर्निर्माण प्रक्रियामा स्पष्ट समयसीमा निर्धारण, लाभग्राही पहिचान र अनुदान वितरणका लागि एकद्वार प्रणाली तथा डिजिटल ट्र्याकिङ अनिवार्य गरिनुपर्छ। यस्ता आधारभूत सुधार नगर्ने हो भने परिवर्तन शासन प्रणालीमा होइन शासकहरूको अनुहारमा मात्र सीमित रहनेछ। विपत्तिका बेला नागरिकलाई साथ दिन नसक्ने राज्यप्रति विश्वास कमजोर हुनु स्वाभाविक हो। अब पनि संयन्त्र नबदलिने हो भने यसको राजनीतिक जिम्मेवारीबाट कोही पनि उम्किन सक्नेछैन।

## सप्तरीमा गहुँ उत्पादन कम हुने अनुमान

**धीरेन्द्रप्रसाद साह**

राजविराज, १० चैत्र। सप्तरीमा यसवर्ष गहुँ उत्पादनमा कम हुने अनुमान गरिएको छ। धानपछिको दोस्रो गहुँबाली पाक्ने बेलामा भएको बेमौसमी वर्षासँगै आएको हावाहुरीको असरले यसपटक जिल्लामा गहुँ उत्पादन कम हुने अनुमान गरिएको हो। चार दिनअघि भएको वर्षासँगै हावाहुरीले गहुँ खेतमा पानी जम्नुको साथै गहुँबालालाई खेतमै सुताएकोले (लडाएको) नोक्सानी पुऱ्याएको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ। यस्तै धान भित्र्याउने बेलामा परेको पानीले बाली लगाउने बेलासम्म खेत अत्यधिक चिस्यान भएको कारण गहुँ खेतीमा ढिलाइ भएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले जानकारी दिनुभयो। उहाँले खेतमा गहुँ बिउ राख्न ढिलो हुनु र खेत लामो समयसम्म चिस्यानले गहुँबाली राम्ररी नसप्रिएको कारण पनि उत्पादनमा कमि आउने अनुमान रहेको बताउनुभयो।

गहुँ खेती समयमा लामो समयमा खेतमा पानी जमेकोले गहुँ बिउ राख्ने खालको खेत तयार हुनमै धेरै समय लाग्यो उहाँले भन्नुभयो, खेत चिस्याएको कारण गहुँको उर्वरा शक्ति पनि कम भयो। उम्रेका बोटमा पनि ताकत कम देखियो। फलेका गहुँको बालामा दाना पनि पुष्ट छैन, यसले तौल पनि कम हुन्छ, उहाँले भन्नुभयो। गहुँ छर्ने बेलामा खेत सुक्खा नहुँदा बेलामा खेती गर्न धेरै ढिलो भयो, रुपनी गाउँपालिका वार्ड नं. २ का किसान उत्तिम साहले बताउनुभयो। उहाँले भन्नुभयो, ढिलै भएपनि १० कट्ठामा गहुँ खेती गरियो, तर सन्तोषजनक बाली छैन। गहुँ खेतीबाट यसपटक धेरै आम्दानी हुने आशा पनि छैन, लागत जति उठ्न सक्छ। र, वर्षभरी खान पुग्नेछ।

गहुँबाली भित्र्याउने मुख्य चैत र बैशाख महिना नै हो। अहिले

–बाँकी तीन पेजमा

# देश रूपान्तरणको ऐतिहासिक अवसर



**रविप्रसाद बराल**

नेपालमा फागुन २१ मा सम्पन्न निर्वाचनले देशको राजनीतिक यात्रामा नयाँ मोड ल्याएको छ। यो सरकार परिवर्तनमात्र नभई जनताले विगतको राजनीतिक संस्कारप्रति गरेको अस्वीकार र नयाँ विकल्पप्रति विश्वासको स्पष्ट अभिव्यक्ति हो। परम्परागत दलहरूको शासनशैली, भ्रष्टाचार, भागबन्डा र कमजोर सेवा प्रवाहप्रति नागरिकमा बढ्दो असन्तुष्टि तथा निराशाले वैकल्पिक शक्तिको खोजी गऱ्यो। परिणामस्वरूप, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई झन्डै दुईतिहाइ जनादेश प्राप्त भयो।

यो जनादेश उत्साहजनक देखिन्छ। अब जनताले दिएको विश्वासलाई व्यवहारमा रूपान्तरण गर्दै सुदृढ प्रणाली स्थापना गर्नु र देश तथा जनताको जीवनस्तरमा सार्थक परिवर्तन ल्याउनु नै रास्वपा नेतृत्वको प्रमुख दायित्व हो। पार्टी सभापति रवि लामिछानेले हालै रास्वपाका सांसदहरूको अभिमुखीकरण कार्यक्रममा दिएको निर्देशन समकालीन नेपाली राजनीतिका लागि सकारात्मक र दिशानिर्देशक सन्देशका रूपमा हेरिएको छ। दक्षिण अफ्रिकाका पहिलो अश्वेत राष्ट्रपति नेल्सन मन्डेलाले १९९४ मा पद सम्हालेपछि अवलम्बन गरेको मेलमिलाप, राष्ट्रिय सहमति र सहकार्यको मार्गलाई स्मरण गराउँदै उनले जनताबाट प्राप्त जनादेशलाई अधिकारका रूपमा होइन गम्भीर जिम्मेवारीका रूपमा ग्रहण गर्नुपर्ने सन्देश दिएका छन्।

रवि लामिछानेको 'इतिहास उहाँहरूले लेख्नुभयो, भविष्य हामी बनाउँछौं' भन्ने अभिव्यक्तिले नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीजस्ता पुराना दल तथा नेताहरूको योगदानप्रति सम्मान व्यक्त गर्दै राजनीतिक ध्रुवीकरण कम गर्न गरेको प्रयास राजनीतिक परिपक्वताको संकेत हो। उनले सत्ता पाएपछि देखिने अहंकार, दम्भ र शक्ति प्रदर्शनको सट्टा सेवा, उत्तरदायित्व र नैतिकतामा आधारित राजनीति गर्न नवनिर्वाचित सांसदलाई आह्वान गरे। सांसदहरूलाई जनताको विश्वासलाई केन्द्रमा राख्दै पारदर्शी, अनुशासित र परिणाममुखी काम गर्न प्रेरित गरे। यसले राजनीतिलाई स्वार्थपूर्तिको माध्यम होइन, जनसेवाको उच्च दायित्वका रूपमा स्थापित गर्ने संकेत दिन्छ।

शिखरमा पुग्न जति मेहनत आवश्यक हुन्छ त्यसभन्दा बढी चुनौती त्यहाँ टिकिरहन आउँछ भन्ने यथार्थलाई पनि ध्यानमा राख्नुपर्छ। यस्तो सोच र प्रतिबद्धता व्यवहारमा उतार्न सकियो भने यसले सरकार सञ्चालनको तरिकामात्र सुधार्ने छैन समग्र राजनीतिक संस्कृतिलाई पनि रूपान्तरण गर्नेछ र नागरिक तथा राज्यबीच कमजोर हुँदै गएको विश्वास पुनःस्थापित गर्न ठूलो भूमिका खेल्नेछ। नेपालको विगतको राजनीतिक अभ्यास प्रायः पूर्वाग्रह, प्रतिशोध र शक्ति दुरुपयोगको चक्रभित्र रुमलियो। सत्ता हासिल गरेपछि दलहरूले प्रतिद्वन्द्वी दललाई कमजोर पार्ने, राज्यका संयन्त्रहरूलाई आफ्नो दलगत स्वार्थअनुसार प्रयोग गर्ने र प्रशासनिक संरचना प्रभाव जमाउने प्रवृत्ति निरन्तर दोहोरिँदै आएको छ।

सरकार परिवर्तनसँगै उच्च प्रशासनिक पदहरूमा व्यापक सरुवा र नियुक्ति, योग्यताको सट्टा निष्ठा र पहुँचका आधारमा निर्णय अनि सार्वजनिक संस्थाहरूमा राजनीतिक हस्तक्षेप बढ्नु सामान्य प्रचलन बन्यो। कतिपय अवस्थामा भ्रष्टाचारका आरोप लागेका व्यक्तिहरूमाथि निष्पक्ष छानबिन अघि बढ्न नसक्नु वा राजनीतिक संरक्षणका कारण मुद्दा कमजोर बनाइने अवस्था पनि देखा पऱ्यो। राज्यका संवेदनशील निकायहरू जस्तै अनुसन्धान निकाय, सार्वजनिक संस्थानहरु र कूटनीतिक नियुक्तिहरूमा दलगत भागबन्डाको प्रभाव बढ्नु अर्को गम्भीर समस्या रह्यो। यस्ता अभ्यासहरूले संस्थागत स्वायत्तता कमजोर बनायो। संसद्भित्र नीति निर्माणभन्दा आरोपप्रत्यारोप र अवरोधको राजनीति बढी हुँदा नीति कार्यान्वयन प्रभावहीन बन्यो।

स्थानीय तहदेखि केन्द्रसम्म, विकास योजनामा राजनीतिक पहुँचमा आधारित स्रोत वितरण, वास्तविक आवश्यकताभन्दा प्रभावको आधारमा प्राथमिकता निर्धारण र बजेट कार्यान्वयनमा पारदर्शिताको कमी देखिनु विगतका कमजोरीका स्पष्ट उदाहरण हुन्। यी सबै कारणहरूले शासन प्रणालीमा अस्थिरतामात्र ल्याएनन् जनतामा गहिरो निराशा र अविश्वास पनि सिर्जना गरे। लोकतन्त्रप्रति नै प्रश्न उठ्ने अवस्था सिर्जना भयो। जेन–जी आन्दोलनको पृष्ठभूमिमा जनताले पुराना अभ्यासलाई अस्वीकार गरी नयाँ सोच र व्यवहारको अपेक्षासहित वैकल्पिक शक्तिलाई अवसर दिएका हुन्।

यहाँ विगतका राजनीतिक अभ्यासहरूले समाजमा विभाजन, अविश्वास र असन्तोषको गहिरो छाप छोडेका छन्। सत्ता परिवर्तनसँगै देखिने प्रतिशोधको प्रवृत्ति, राजनीतिक आरोपप्रत्यारोप र संस्थागत अविश्वासले समग्र शासन प्रणालीलाई कमजोर बनाएको छ। रास्वपाले सत्ता सञ्चालनका क्रममा मेलमिलाप र राष्ट्रिय सहमतिको नीति आत्मसात् गर्न सकेमा नयाँ राजनीतिक संस्कृतिको सुदृढ आधार तयार हुन सक्छ। यसको अर्थ विगतका कमजोरीहरूलाई बेवास्ता गर्नु होइन बरु तिनलाई निष्पक्ष रूपमा कानुनी प्रक्रियाभित्र राखेर समाधान गर्नु हो। दोषीमाथि कारबाही पनि प्रतिशोधको भावनाबाट होइन न्याय र विधिको शासनका आधारमा हुनुपर्छ।

सबै राजनीतिक शक्तिहरूबीच न्यूनतम राष्ट्रिय सहमति निर्माण गर्नु आजको आवश्यकता हो। संविधान संसोधन, सुशासन, विकास, कूटनीतिक सुधार र राष्ट्रिय हितजस्ता विषयहरूमा साझा दृष्टिकोण बनाउन सकेमात्र दीर्घकालीन स्थायित्व सम्भव हुन्छ। नेपाल विविधता, सहिष्णुता र सहअस्तित्वको आधारमा निर्मित समाज भएकाले विभाजनभन्दा एकता, आरोपभन्दा सहकार्य र प्रतिशोधभन्दा मेलमिलापलाई प्राथमिकता दिनु अत्यावश्यक छ।

विगतमा भएका भ्रष्टाचार, बेथिति र शक्ति दुरुपयोगका घटनालाई बेवास्ता गर्नु न त न्यायोचित हुन्छ न त दीर्घकालीनरूपमा राष्ट्रहितमा। यस्ता मुद्दाहरूलाई प्रतिशोधको भावनाबाट अघि बढाउँदा भने न्याय प्रक्रिया प्रभावित हुन सक्छ। सबै विवादलाई विधि र कानुनको दायराभित्र निष्पक्ष, पारदर्शी र प्रमाणमा आधारित ढंगले सम्बोधन गर्नु आवश्यक छ। कसैलाई पनि कानुनभन्दा माथि नराख्नु, कसैप्रति पूर्वाग्रह नराख्नु नै कानुनी शासनको मूल मर्म हो। अनुसन्धान निकाय, अदालत र संवैधानिक संस्थाहरूले स्वतन्त्र एवं निष्पक्षरूपमा काम गर्न सक्नुपर्छ। यसले जनतामा न्यायप्रति विश्वास बलियो बनाउँछ।

यस क्रममा राष्ट्रिय सहमति पनि महत्त्वपूर्ण हुन्छ। विगतका कमजोरी सुधार्न, सुशासनको आधार तयार गर्न र दीर्घकालीन नीति निर्माण गर्न एउटा दलमात्रको प्रयास पर्याप्त हुँदैन। न्याय प्रणाली, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र विकास प्राथमिकतामा प्रमुख राजनीतिक शक्तिहरूबीच न्यूनतम साझा समझदारी आवश्यक हुन्छ। राजनीतिक निर्णयहरू संकीर्ण दलगत स्वार्थबाट निर्देशित भए भने परिवर्तनको अपेक्षा अधुरो नै रहनेछ। रास्वपाको अगाडि सबैभन्दा ठूलो चुनौती सुशासन स्थापना गर्नु हो। जनताले दिएको बलियो जनादेशको वास्तविक मूल्य तबमात्र पुष्टि हुनेछ जब यसलाई प्रभावकारी शासन र परिणाममुखी कार्यमा रूपान्तरण गर्न सकिन्छ।

सबैभन्दा पहिले, प्रशासनिक सुधार आवश्यक छ। दशकौँदेखि जडवत् बनेको कर्मचारीतन्त्रलाई दक्ष, पारदर्शी र उत्तरदायी बनाउनुपर्छ। यसका लागि योग्यताका आधारमा पदस्थापन गर्नुपर्ने, स्पष्ट कार्यसम्पादन मूल्याङ्कन गर्ने, र सेवाप्रवाहमा ढिलासुस्ती हटाउने उपायहरू अवलम्बन गर्नुपर्छ। डिजिटल सुशासन अहिले अपरिहार्य छ। सरकारी सेवा प्रवाहलाई छिटो, सरल र पारदर्शी बनाउन प्रविधिको प्रयोग अनिवार्य हुन्छ। अनलाइन सेवा प्रणाली, डिजिटल अभिलेखीकरण र ई–गभर्नेन्सका माध्यमबाट भ्रष्टाचार घटाउने तथा नागरिकलाई सहज सेवा उपलब्ध गराउने अवसर सिर्जना गरिनुपर्छ।

आर्थिक पारदर्शिता पनि उत्तिकै महत्वपूर्ण हुन्छ। सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्न खर्चमा स्पष्टता, नियमित अनुगमन र उत्तरदायित्व आवश्यक छ। बजेट निर्माणदेखि कार्यान्वयनसम्म पारदर्शिता र अनुशासन कायम नभएमा विकासको वास्तविक परिणाम जनतासम्म पुग्दैन। राजनीतिक परिवर्तनपछि सुस्त अर्थतन्त्र र निराश निजी क्षेत्रमा आशा जगाउनु आवश्यक छ। स्थिर सरकार, स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र निजी क्षेत्रसँगको सहकार्यले लगानी, उत्पादन र रोजगारी बढाएर अर्थतन्त्रमा ऊर्जा ल्याउनुपर्छ।

कूटनीतिक सुधार पनि आवश्यक छ। नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ बनाउन योग्यता, अनुभव र राष्ट्रिय हितमा आधारित कूटनीतिक नियुक्ति गर्नुपर्छ। राजनीतिक हस्तक्षेप कम गरी व्यावसायिक र दक्ष कूटनीति अपनाउँदा मात्र देशको अन्तर्राष्ट्रिय छवि बलियो हुने र आर्थिक तथा रणनीतिक अवसरहरू विस्तार हुन्छन्। सुशासन कुनै एक क्षेत्रको सुधारमात्र होइन समग्र प्रणालीको रूपान्तरणसँग जोडिएको निरन्तर प्रक्रिया हो। रास्वपाले प्राप्त गरेको जनादेश अवसरमात्र नभएर नेतृत्वको क्षमता परीक्षण गर्ने गम्भीर क्षण पनि हो। जनताले दिएको विश्वासलाई ठोस उपलब्धिमा परिणत गर्नु अब नेतृत्वको मुख्य जिम्मेवारी बनेको छ। प्रतिशोधको राजनीतिबाट माथि उठेर मेलमिलाप, पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राख्न सकियो भने नेपालले स्थायित्व, समृद्धि र परिपक्व लोकतन्त्रतर्फ उल्लेखनीय प्रगति गर्न सक्छ।

अन्ततः सत्ताको दम्भ प्रदर्शन होइन जनसेवा, विभाजन होइन सहकार्य र नाराभन्दा बढी परिणाममुखी काम समयको माग हो। यही मार्गले मात्र जनताको विश्वासलाई दीर्घकालीन उपलब्धिमा रूपान्तरण गर्न सक्छ।

बाह्रखरीबाट

## बिबिए दोस्रो ...

कलेजका संयोजक अनिल यादवले व्यवस्थापन, प्राध्यापक र विद्यार्थीबीचको सहकार्यले नै यस्तो सफलता सम्भव भएको उल्लेख गरे।

कार्यक्रममा पत्रकार अर्जुन थपलिया, जयनारायण यादव, रामभरोसी यादव, बैजनाथ यादव र सुरेश रायलगायतले पनि शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कलेजका अनुसार, परीक्षामा सहभागी ४० जना विद्यार्थीमध्ये ३२ जना उत्तीर्ण भएका छन्। हाल राजर्षि जनक विश्वविद्यालय अन्तर्गत ६० भन्दा बढी कलेजहरूले स्नातक तथा स्नातकोत्तर कार्यक्रम सञ्चालन गरिरहेका छन्।

# मिथिलामा अस्ताउँदो सूर्यलाई अर्घ दिँदै चैती छठ पर्व मनाइँदै

महोत्तरी, १० चैत। महोत्तरीसहित सम्पूर्ण मिथिला क्षेत्रमा मंगलबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिँदै लोक आस्था एवं सूर्य पूजाको महान् उत्सव चैती छठ पर्व मनाइँदैछ। नेपाल र भारतका मिथिला क्षेत्रमा गत आइतबार चतुर्थी तिथिदेखि धार्मिक विधिपूर्वक सुरु भएको चारदिने चैती छठ उत्सवको मुख्य दिन षष्ठी तिथिको साँझ विभिन्न जलाशयमा पसेर व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ दिँदै चैती छठ पर्व मनाइँदैछ।

पर्वको षष्ठी तिथिका दिन साँझ व्रतालुले आ–आफ्ना घरघरमा गहुँ र चामललाई ओखल, जातो वा ढिँकीमा कुटानीपिसानी गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियालगायत पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन्।

षष्ठी तिथिका साँझ व्रतीहरूले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर



अक्षेता फूल हालेर सबै प्रकारका अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन्।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने चैती छठ पर्व आइतबारदेखि तराई, मधेस र भारत विहारको मिथिलाञ्चल क्षेत्रमा सुरु भएको थियो। यसपर्वको दोस्रो दिन सोमबार व्रतालुले आ–आफ्ना कुलदेवताको पूजा र सूर्य देवता र छठी मातालाई चैतीछठ पूजाका लागि निम्तो दिँदै खरना पर्व मनाएका थिए। षष्ठी तिथिमा चैती छठको मुख्य पूजा अस्ताउँदो सूर्यलाई अर्घ दिएर चैती छठ पर्व मनाउँदै छन्।

चैती छठ पर्व जिल्ला सदरमुकामसहित जलेश्वर, मटिहानी, गौशाला, बर्दिवास, औरही, मनरासिस्वा, लोहारपट्टी, रामगोपालपुर, बलवा र भङ्गाह नगरपालिकाका साथै पिपरा, सम्सी, एकडारा, सोनमा र महोत्तरी गाउँपालिकाका सहरी एवं ग्रामीण क्षेत्रमा रहेका पोखरी, तलाऊ तथा ती पालिका भएर बग्ने बिग्ही, रातो मरहा, जङ्गहा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाउँदै आइएको छ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यसपर्वको विशेषता रहेको जलेश्वर–८ पण्डित अनिल पाठकले बताउनुभयो। त्यस्तै, जलेश्वर नगरपालिका–१ स्थित जलेश्वरनाथ महादेवका पुजारी कामेश्वर पाठकका अनुसार सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासयमा श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ। चार दिनसम्म मनाइने यसपर्वको पहिलो दिन आइतबार व्रतीले 'नहा खा' अर्थात् नुहाएर खाने अर्थात् जीऊ चोख्याउने काम गरेका थिए।

त्यस्तै, पर्वको दोस्रो दिन सोमबार खर्ना मनाइएको थियो। खर्नाका दिन व्रतीले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गरेका थिए भने राति अरवा अरबाइन (बिनानुन हालेको) खानेकुरा खाएका थिए। तेस्रो दिन सम्पूर्ण मिथिलाञ्चलमा चैती छठ पर्वको मुख्य दिन साँझपख अस्ताउँदो सूर्यलाई अर्घ दिएर सम्पूर्ण मिथिलाञ्चलवासी धुमधामका साथ चैती छठ मनाउने छन्।

त्यस्तै, यसपर्वलाई व्रतालु भोलि (बुधबार) चौथो एवं अन्तिम दिन अर्थात् एकाबिहानै पुनःछठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोऱ्याई प्रातःकालीन उदाउँदो सूर्यलाई अर्घ दिइ चैती छठ पर्व सम्पन्न गर्नेछन्। महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातबसमा रहँदा उक्त गुप्ताबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डव मिथिलाको किरात राजाको क्षेत्रमा बास बसेको उल्लेख छ। लोक कथनबमोजिम सोही समयदेखि मिथिलामा छठ मनाउने परम्पराको थालनी भएको हो।

सूर्यपुराणअनुसार सर्वप्रथम पत्नी अनुसूईयाले छठ व्रत गरेकी थिइन्। फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ पर्व मनाउने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ। धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रूपमा विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमले मनाउने गर्छन्।

यसपर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुऱ्याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाले गम्हरी धानको चामल मात्र चढाए पनि देउता प्रसन्न हुने जनविश्वास रहिआएको पण्डित पाठकले जानकारी दिनुभयो। पहिलापहिला तराई–मधेसका जिल्लामा मात्रै मनाइने छठ पर्व अहिले देशको सङ्घीय राजधानी काठमाडौँसहित प्रमुख सहर पोखरा, नारायणघाट, धरान, इटहरीलगायत स्थानमा पनि मनाउन थालिएको हो।

चैती छठ पर्वको मुख्य दिनमा मिथिलाञ्चलसहित देशको विभिन्न छठ घाटमा छठ पर्व नहुने (नमनाउने) को पनि ठूलो भीडभाड हुने, मेलापाति लाग्ने र टाढा टाँढासम्म श्रद्धालु पूजा हेर्न तथा आशीर्वाद लिनका लागि पुग्ने गर्दछन्।

# मोरङमा क्षयरोगबाट एक वर्षमा ३५ जनाको मृत्यु

मोरङ, ९ चैत। जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा क्षयरोगका कारण ३५ जनाको मृत्यु भएको छ। विश्व क्षयरोग दिवसका पूर्वसन्ध्यामा स्वास्थ्य कार्यालय मोरङ र वाग्मती सेवा समाजद्वारा यहाँ आयोजित सञ्चारकर्मीसँगको अन्तर्क्रियामा स्वास्थ्य कार्यालयका अधिकृत मुलकचन्द राजवंशीले एक वर्षमा क्षयरोगबाट ३५ जनाको मृत्यु भएको जानकारी दिनुभएको हो। उहाँका अनुसार आव २०८०/८१ मा क्षयरोगबाट ३० जनाको मृत्यु भएको थियो भने चालु आवको हालसम्म ३५ जनाको मृत्यु भएको हो। जिल्लामा चालु आवको हालसम्म ९०९ क्षयरोगका सङ्क्रमित देखिएकामा गत आवमा एक हजार २२२ सङ्क्रमित फेला परेका थिए।

मोरङका सुन्दरहरैँचा, पथरीशनिश्चरे, उर्लाबारी क्षेत्रमा क्षयरोगका सङ्क्रमित बढी फेला परेका छन्। सन् २०५० सम्ममा नेपालबाट क्षयरोग निवारण गर्ने सरकारको लक्ष्य छ। 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने नाराका साथ नेपालमा मङ्गलबार विश्व क्षयरोग दिवस मनाइँदैछ।

यस उपलक्ष्यमा मङ्गलबार मोरङको बूढीगङ्गास्थित विराट मेडिकल कलेजबाट क्षयरोग सम्बन्धमा जनचेतना जागृत गराउन प्रभातफेरीले टङ्कीसिनवारी नगरक्षेत्र परिक्रमा गरी कोणसभा गरिने कार्यक्रम तालिका रहेको सोही अवसरमा जानकारी गराइएको छ।

# रौतहटमा बेमौसमी वर्षाले काँचो इँटा नष्टः बीमा गर्न माग

रौतहट, १० चैत। गत शुक्रबार र शनिबार परेको बेमौसमी वर्षाले रौतहटमा सञ्चालित विभिन्न ईँटा उद्योगको लाखौँ मूल्यबराबरका काँचो ईँटामा क्षति पुऱ्याएको छ। यहाँका ५० भन्दा बढी ईँटा उद्योगका पकाउनका ईँटा तयार पारिएका थिए। ईँटा उद्योग व्यवसायी सङ्घका अध्यक्ष रामविनोद साहका अनुसार वर्षाको कारण जिल्लामा सञ्चालित ५० ईँटा उद्योगमा क्षति भएको छ। ती उद्योगमा करिब एक करोड ५० लाखभन्दा बढी काँचो ईँटा नष्ट भएको छ। प्रत्येक काँचो ईँटाको लागत औसतमा तीन रुपैयाँभन्दा बढी पर्ने भएकाले कुल नोक्सानीको रकम करिब साढे चार करोड रुपैयाँबराबर भएको अनुमान छ।

जिल्लाको बिके ईँटा उद्योग, वीर ईँटा उद्योग, पूजा ईँटा उद्योग, एमबिआई ईँटा उद्योग, सोना ईँटा उद्योग, रामजानकी ईँटा उद्योगलगायत ५० उद्योगमा बेमौसमी वर्षाले नोक्सानी भएको छ। गरुडा–५ महम्मदपुरस्थित रहेको एसपिएल ईँटा उद्योगका सञ्चालकसमेत रहनुभएका साहले उद्योगले निर्माण गरेका काँचो ईँटा खुला स्थानमा सुकाउने क्रममा बेमौसमी वर्षाले नष्ट गरेको गुनासो गर्नुभयो।

काचो ईँटाको समेत बीमाको व्यवस्था गरिदिन ईँटा व्यवसायी महासङ्घका केन्द्रीय सदस्य मोहन साहले माग गर्नुभएको छ। गुजरा–७ स्थित रामजानकी ईँटा उद्योगका सञ्चालक रहनुभएका उहाँले बेमौसमी वर्षाको कारण ईँटा व्यवसायी पलायन हुनुपर्ने अवस्था आएको बताउनुभयो। सरकारले वा सम्बन्धित निकायले काँचो ईँटाको बीमा प्रणाली अवलम्बन गरिदिने हो भने यस्ता प्राकृतिक प्रकोपबाट ईँटा व्यवसायीले राहत पाउने उहाँको भनाइ छ। राधाकृष्णा ईँट उद्योगका सञ्चालक प्रेमशङ्कर यादवले आफ्नो उद्योगबाट लाखौँ मूल्यबराबरको काँचो ईँटा नष्ट भएको गुनासो गर्नुभयो।

जिल्लामा १६० ईँटा उद्योग दर्ता भएको भएता पनि हाल ५७ उद्योगमात्र सञ्चालनमा छन्। पछिल्लो समय ईँटा उद्योग बन्द गर्ने क्रम बढेको छ। काचो ईँटाको बीमा नहुँदा गत वर्ष पनि बमौसमी वर्षाले ईँटा उद्योगमा क्षति पुऱ्याएको थियो।

*बस्ती नजिकै ...*

बताउनुभयो। उहाँले केही दिन अगाडि चितुवाले एउटा बाख्रा खाइदिएको र अर्को एक बाख्रालाई घाइते बनाएको जानकारी दिनुभयो। जंगलको नजिक रहेको बस्तीमा चितुवा देखा परेको बारे डिभिजन वन कार्यालय धनुषालाई जानकारी गराएको उहाँले बताउनुभयो।

वडाध्यक्ष स्याङ्दनले बस्ती नजिक चितुवा देखिएपछि स्थानीय त्रसित भएको बताउनुभयो। डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले त्यसतर्फ गस्ती टोली पठाएको बताउँदै स्थानीयलाई सतर्क रहन आग्रह गर्नुभयो।

*सप्तरीमा गहुँ ...*

धेरैको गहुँबाली पाकेको छैन। चैत–वैशाखमा फेरि हावाहुरी, असिना पानी आउने सम्भावना रहन्छ, यसले ठूलो क्षती पुऱ्याउने सम्भावना रहँदा किसानहरुमा चिन्ता जागृत नै छ। गहुँबाली उत्पादन हुनेमध्ये सप्तरी पनि प्रमुख स्थानमै रहेको कृषि ज्ञान केन्द्र राजविराजका प्रमुख राउतले जिल्लामा यस वर्ष ३५ हजार हेक्टर क्षेत्रफल खेती योग्य जग्गामा गहुँबाली लगाएको जनकारी दिनुभयो। यस वर्ष करिब दुई दशमलव दुई ९२.२० मेट्रिक टन प्रति हेक्टर गहुँ उत्पादन हुने अनुमान गरिएको उहाँले बताउनुभयो।

# मध्यपूर्व युद्ध लम्बिएमा नेपालमा पनि इन्धन संकट बढ्ने जोखिम

काठमाण्डौ, १० चैत्र। मध्यपूर्व युद्ध लम्बिएमा नेपालमा पनि इन्धन संकट बढ्ने जोखिम बढेको छ। नेपालमा प्रयोग भइरहेको सबै पेट्रोलियम पदार्थ भारतबाट आइरहेको छ। युद्धले भारतकै आपूर्तिमा समस्या देखिएपछि त्यसको असर नेपालमा पनि पर्ने निश्चित छ। अहिले नै भाउ बढिसकेको छ भने आपूर्ति कम भएमा संकट पनि शुरू हुन्छ। यस्तो जोखिमलाई ख्याल गरेर जोर–बिजोर प्रणाली लागू गर्ने र साप्ताहिक बिदा बढाउनुपर्नेसम्मका छलफल शुरू भएका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले बताउनुभयो।

आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टकाअनुसार पेट्रोलियम पदार्थको खपत घटाउने उपायबारे निगमले सरकारलाई राय दिइसकेको छ। मन्त्रालयका प्रवक्ता सुवेदीकाअनुसार भारतले केही खालका इन्धन अड्कलेर दिन थालिसकेको छ र अवस्था लम्बिँदै गए खाद्यतेलसहितका उपभोग्य वस्तुमा पनि मूल्यवृद्धि हुने चिन्ता छ। सरकारले सर्वसाधारणलाई विद्युतीय चुलोको प्रयोग बढाउन अनुरोध गर्दै आएको छ भने आयल निगमले आधा सिलिन्डर ग्यास बिक्रीको व्यवस्था गरिसकेको छ।

यस्तै उपभोक्ता अधिकारकर्मीहरूले पेट्रोलियम पदार्थ आयात र वितरणको पारदर्शी जानकारी नागरिकलाई दिनुपर्ने र दैनिक उपभोग्य वस्तुको प्रभावकारी अनुगमन गर्नुपर्ने बताएका छन्।

# मधेशबाट ८७ हजार ५९१ विद्यार्थी एसइई परीक्षामा सहभागी हुने



**विजयकुमार साह**

ढल्केबर, १० चैत्र। आगामी चैत १९ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) मा मधेश प्रदेशबाट ८७ हजार ५९१ जना विद्यार्थी सहभागी हुने भएका छन्। शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका अनुसार परीक्षाका लागि प्रदेशभर २९९ वटा परीक्षा केन्द्र तोकिएको छ भने एक हजार ३१६ विद्यालयका विद्यार्थी यसमा सहभागी हुने छन्। निर्देशनालयका अनुसार परीक्षालाई व्यवस्थित बनाउन २९९ जना केन्द्राध्यक्ष, ४३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २३५ जना निरीक्षक, ७३४ जना परीक्षा सहायक तथा एक हजार ६०३ जना कार्यालय सहयोगी खटाइने छन्।

त्यस्तै, सुरक्षाको व्यवस्था सुदृढ बनाउन चार हजार ४८५ जना सुरक्षाकर्मी परिचालन गरिने जनाइएको छ। मधेश प्रदेशका आठ जिल्लामध्ये धनुषाबाट सबैभन्दा बढी विद्यार्थी एसइईमा सहभागी हुने छन्। यहाँका २०३ विद्यालयका १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुने छन्। सबैभन्दा कम विद्यार्थी सप्तरीबाट रहेका छन्। सप्तरीबाट १६२ विद्यालयका नौ हजार २७६ विद्यार्थी परीक्षामा बस्ने छन्। त्यस्तै, सिराहाबाट ११ हजार ३८, महोत्तरीबाट ११ हजार ३५१, सर्लाहीबाट ११ हजार ३७१, रौतहटबाट नौ हजार ७७७, बाराबाट १० हजार ८१३ र पर्साबाट १० हजार ७०३ विद्यार्थी सहभागी हुने निर्देशनालयले जनाएको छ।

निर्देशनालयको तथ्याङ्क अनुसार अघिल्लो एसइई परीक्षाको तुलनामा यसवर्ष एक हजार २६७ विद्यार्थी कम छन्। अघिल्लो पटक ८८ हजार ८५८ विद्यार्थी सहभागी थिए। शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोले परीक्षाको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। उहाँले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिमार्फत निरीक्षण तथा अनुगमन गरिने जानकारी दिनुभयो।

निर्देशक महताले मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने तयारी गरिएको बताउनुभयो।

# आमाको नामबाट तीन हजारले लिए नागरिकता

काठमाडौँ, १० चैत्र। नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन्। नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरूले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जनाएको छ। चौथो पटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो। गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ। त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ। मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ। नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अङ्गीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ।

नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्वपूर्ण आधारका रूपमा लिइनेछ। त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ। यसअघि वैवाहिक अङ्गीकृतबाहेकका अन्य अङ्गीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमा मात्र प्रदान हुने व्यवस्था थियो। नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ।

संशोधनले यसअघि कानुनले स्पष्ट रूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ। साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ।

# वन निगमको सुलभ काठ आपूर्तिले उपभोक्तालाई फाइदा

**विजयकुमार साह**



ढल्केबर, १० चैत्र। सर्वसाधारणलाई घर बनाउन तथा फर्निचर तयार गर्न काठ उद्योग र तस्करको भर पर्नुपर्ने बाध्यता हट्दै गएको छ। नेपाल वन निगम लिमिटेडको जनकपुर डिपोले सुलभ मूल्यमा सहज तरिकाले काठ उपलब्ध गराउन थालेपछि त्यो बाध्यता हट्दै गएको हो। डिभिजन वन कार्यालय धनुषाको परिसरभित्र सञ्चालनमा रहेको नेपाल वन निगम लिमिटेडको जनकपुर डिपोका प्रमुख रामदेव झाले आवश्यक कागजात लिएर आएपछि उपभोक्ताले आवश्यकता अनुसार यहाँबाट साल प्रजातिको चिरान काठ खरिद गरेर लैजान सक्ने व्यवस्था मिलाएको बताउनुभयो। उहाँले डिपोबाट काठ खरिद गर्न आउने उपभोक्ताले नागरिकता र जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य लिएर आउनुपर्ने जानकारी दिनुभयो। काठको वैधानिक र सही प्रयोजनका लागि कागजातको प्रतिलिपि लिने गरिएको उहाँको भनाइ छ। झाले डिपोबाट अहिले साल प्रजातिको चिरान काठ चार फीटसम्मको प्रति क्यूफिट दुई हजार नौ सय ४१ रुपियाँ र चार फीटभन्दा माथिको प्रति क्यूफिट चार हजार तीन ५० रुपियाँको दरमा बिक्री भइरहेको बताउनुभयो। उहाँले बजारको तुलनामा सस्तो रहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, काठ खरिद प्रक्रियालाई सरल बनाएका छौं। आवश्यक कागजात लिएर आएपछि उपभोक्ताले सहजै काठ खरिद गरेर लैजान सक्नुहुन्छ।

डिपोमा काठ खरिद गर्न आउनुभएका जयलाल महतोले घरको झ्यालढोका बनाउनका लागि काठ खरिद गर्न आएको बताउनुभयो। काठ उद्योगभन्दा सस्तो र कानुनी झण्झट नहुने उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, यही काठ उद्योग तथा तस्करबाट महङ्गो मुल्यमा किन्नुपर्ने बाध्यता थियो। कतै अवैध काठको झमेला त परिँदैन भनेर डर लागिरहन्थ्यो। गुणस्तरको सुनिश्चितता नहुने, मूल्य अनियन्त्रित हुने र कानुनी जोखिम पनि रहन्थ्यो। तर अहिले डिपोबाट सहजै काठ पाउन थालेपछि त्यो बाध्यता हट्दै गएको महतोको भनाइ छ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहले निजी काठ उद्योगको तुलनामा यहाँ सस्तो दरमा काठ उपलब्ध गराउने हुँदा उपभोक्तालाई लाभ पुगेको बताउनुभयो। यहाँ सस्तो मात्र नभएर काठ वैधानिकता र गुणस्तरीय पनि हुने गरेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार यसले गर्दा अवैध काठ कारोबारमा समेत नियन्त्रण आउनेछ। जब उपभोक्ताले सस्तो र सजिलै वैधानिक काठ पाउन थालेपछि काठको अवैध कारोबार आफैं बन्द हुने र वन संरक्षणमासमेत सहयोग पुग्ने उहाँले बताउनुभयो।

# राजविराजमा लामखुट्टेको प्रकोप


**विनय कर्ण**

सप्तरी, १० चैत्र। विगत केही दिन यता राजविराज नगरपालिकामा लामखुट्टेको प्रकोप बढेपनि त्यसको विरुद्ध विषादी छर्किन समस्या भएको छ। मानव स्वास्थ्य र स्वास्थ्य मन्त्रालयको निर्देशिकाको व्यवस्था अनुसार लामखुट्टे विरुद्धको विषादी छर्किन समस्या भएको हो। नगरक्षेत्रमा लामखुट्टेको प्रकोप बढ्दै गएपछि सोको नियन्त्रणका लागि विषादी छर्किनुपर्ने जनस्तरबाट गुनासो र दवाव बढ्न थालेपछि राजविराज नगरपालिकाले मंगलबार पत्रकार सम्मेलनको आयोजना गरी यसबारे स्पष्ट पारेका छन्।

पत्रकार सम्मेलनमा कार्यबाहक नगरप्रंमुख इसरत परवीनले लामखुट्टे विरुद्धको औषधी छर्किन नमिल्ने बताउनुभयो। उहाँले लामखुट्टे विरुद्धको विषादी छर्किन जिल्ला स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य मन्त्रालय मातहतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा पत्राचार गरेको भएपनि कुनै महामारी बगैर त्यस्तो विषादी छर्न नमिल्ने भनि जवाफ आएकोले औषधी छर्किन नमिल्ने स्पष्ट पार्नुभयो।

यस्ता विषादीले मानव स्वास्थ्य तथा वातावरणीय अवस्थामा समेत असर पार्ने भएकाले अन्य विकल्पमा जानुपर्ने बाध्यता रहेको उहाँको भनाइ थियो। लामखुट्टे प्रकोप नियन्त्रणका लागि मुख्य सडक, गल्ली तथा नालाहरुको सरसफाईमा विशेष ध्यान दिईने तथा जथाभावी फोहर फाल्नेलाई जरीवानाको दायरामा ल्याउने उहाँले उल्लेख गर्नुभयो। यस्तै पत्रकार सम्मेलनमा नगर स्वास्थ्य शाखाका प्रमुख कामेश्वर यादवले कालाजार, मलेरिया र औलो जस्ता रोगको महामारी बिना यस्ता विषादी छर्न जनस्वास्थ्य तथा मन्त्रालयको निर्देशिका विपरित हुने भएकाले लामखुट्टेको प्रजनन स्थललाई नै सरसफाईको माध्यमले नष्ट गरिनु उपयुक्त उपाय भएको बताउनुभयो। उहाँले फोहोर तथा पानी जमेको स्थानहरुमा सरसफाई गरेरै लामखुट्टेको प्रकोपलाई नियन्त्रण गर्न सकिने हुँदा त्यतातिर ध्यानाकर्षण गराउनुभयो।

जेनजी आन्दोलनका क्रममा सरसफाईमा प्रयोग हुने सबै सबारी साधन जलेर नष्ट हुँदा अहिले भाडामा लिएर भएपनि सरसफाईमा दैनिक १५ वटा ट्याक्टर प्रयोग गरिएको जानकारी दिदै निकट् भविष्यमै थप सवारी साधन प्रयोग गर्ने गरी खरिद प्रक्रियाको तयारी थालिएको नगरप्रमुख परवीनले जानकारी दिनुभयो। नगरपालिकाका योजना अधिकृत मनोज यादवले नगरको फोहोर मैला व्यवस्थापन तथा लामखुट्टेको प्रकोप नियन्त्रणका लागि सरसफाई नै मुख्य उपाय भएको भन्दै यसका लागि टोल सुधार र टोल विकास समिति गठन गरी अगाडी बढ्ने बताउनुभयो।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)